पाथीभरा याङवरक गाउँपालिकाद्वारा प्रकाशित

# स्थानिय राजपत्र

खण्डः ७ संख्याः ११ मितिः २०८०/११/२५

## भाग-२

पाथीभरा याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङको सूचना

**पाथीभरा याङवरक गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८०**

.

# पाथीभरा याङवरक गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८०

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/११/२५

**प्रस्तावनाः** उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी, जनप्रतिनिधि, तथा वडाहरुलाई पुरस्कार तथा सम्मान प्रदान गरी कामप्रति जिम्मेवार र जवाफदेही बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी पाथीभरा याङवरक गाउँपालिकाले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस मापदण्डको नाम "पाथीभरा याङवरक गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड २०८०" रहेको छ।

ख) यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय प्रसंगले अर्को अर्थ नलागेमा

क) 'गाउँपालिका' भन्नाले गाउँपालिका कार्यालय, अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

ख) 'कर्मचारी' भन्नाले गाउँपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई जनाउँछ।

ग) 'जनप्रतिनिधि' भन्नाले गाउँसभा सदस्यलाई जनाउँछ।

घ) 'विषयगत शाखा' भन्नाले गाउँपालिकाको कार्यालय अन्गतर्गतको शाखा लाई जनाउँछ।

ङ) 'वडा कार्यालय' भन्नाले पाथीभरा याङवरक गाउँपालिकाको ६ वटै वडा लाई जनाउँछ।

च) 'स्वास्थ्य संस्था' भन्नाले पाथीभरा याङवरक गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई जनाउँछ।

**३. पुरस्कार तथा सम्मानका लागि कर्मचारी छनौटका सूचकहरुः** क) कार्यालय समयका अतिरिक्त कार्यालयलाई पुऱ्याएको योगदान

ख) जनप्रतिनिधिसँग समन्वय र आपसी सञ्चार

ग) दैनिक कार्यसम्पादन पुस्तिकाको प्रयोग

घ) काममा दक्षता र व्यावसायिक

ङ) सामूहिक कार्यमा संलग्नता

च) सिर्जनशीलता र असल अभ्यास

छ) सेवाग्राहीप्रतिको व्यवहार

ज) कार्यसम्पादन पछि प्राप्त उपलब्धि

झ) नेतृत्व क्षमता

ञ) समयपालना, अनुशासन एवम् कार्यालय पोसाक

४. **पुरस्कारका लागि छनौट गरिने:** क) दफा (३) बमोजिमका सूचकका आधारमा प्रत्येक आर्थिक वर्षका लागि गाउँपालिका स्थापना दिवसको अवसरमा एकजना सर्वोत्कृष्ट कर्मचारी र तीन जना उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान तथा पुरस्कृत गरिनेछ।

ख) पुरस्कार तथा सम्मानका लागि प्रदान गरिने जिन्सी तथा नगद गाउँ कार्यपालिका बैठकले निर्धारण गर्नेछ।

ग) दफा ३ बमोजिम पुरस्कृत हुने व्यक्तिलाई अनुसूची - १ बमोजिमको ढाँचामा सम्मान-पत्र प्रदान गरिनेछ।

घ) यसरी कर्मचारी छनौट गर्नुपूर्व पुरस्कृत हुन योग्य बढीमा 'दश' जना कर्मचारी छनौट गरी सम्बन्धित वडा र स्वास्थ्य चौकीको हकमा वडा अध्यक्ष  र गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका बैठकमा सिफारिस गर्नेछ।

ङ) वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गरेको सिफारिसको आधारमा दफा (३) को सूचक बमोजिम कार्यपालिकाले मूल्याङ्कन गरी सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारी छनौट गर्नेछ।

च) कर्मचारीहरुलाई कामप्रति उत्प्रेरित गर्दै कार्यालयको हितमा अधिकतम उपयोग गर्न प्रत्येक महिना - महिनाको उत्कृष्ट कर्मचारी (Employee of the month) को रुपमा एकजना कर्मचारीलाई कार्यपालिकाले छनौट गर्नेछ।

छ) महिनाको उत्कृष्ट कर्मचारीको रुपमा छनौट भएको कर्मचारीलाई अनुसूची - २ बमोजिमको ढाँचामा सम्मानपत्र प्रदान गरिनेछ।

ज) महिनाको उत्कृष्ट कर्मचारी छनौट गर्दा सो महिना अवधिभरका लागि दफा (३) को सूचकका आधारमा मूल्याङ्कन गरिनेछ।

झ) पाथीभरा याङवरक गाउँपालिकामा प्रत्येक आर्थिक वर्षमा स्वीकृत भएका योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्ने वडालाई उत्कृष्ट वडाको रुपमा सम्मान गरिनेछ।

५. **संशोधन वा खारेज गर्न सक्ने:** पाथीभरा याङवरक गाउँ कार्यपालिकाले आवश्यक ठानेको खण्डमा मापदण्ड संशोधन तथा खारेज गर्न सक्नेछ।

.

## अनुसूची-१

उत्कृष्ट तथा सर्वोत्कृष्ट कर्मचारी, जनप्रतिनिधि र वडालाई प्रदान गरिने सम्मानपत्रको ढाँचा

**पाथीभरा याङवरक गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**थेचम्बु, ताप्लेजुङ**

**कोशी प्रदेश, नेपाल**

# सम्मानपत्र

पाथीभरा याङवरक गाउँ कार्यपालिकाको मिति …… को निर्णय अनुसार गाउँपालिकाकाको कार्य सम्पादनमा पुऱ्याउनुभएको विशिष्ट योगदानको उच्च मूल्याङ्कन गर्दै तपाई श्री .......... लाई आ.व. ...... को सर्वोत्कृष्ट/उत्कृष्ट कर्मचारी/जनप्रतिनिधि/वडा कार्यालय को सम्मान सहित स-धन्यवाद यो सम्मानपत्र प्रदान गरिएको छ। साथै तपाईँको उत्तरोत्तर प्रगति एवम् उज्जवल भविष्यको कामना गर्दछौँ।

प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष

.

## अनुसूची २

## महिनाको उत्कृष्ट कर्मचारीलाई प्रदान गरिने सम्मानपत्रको ढाँचा

**पाथीभरा याङवरक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थेचम्बु, ताप्लेजुङ**
**कोशी प्रदेश, नेपाल**

# सम्मानपत्र

पाथीभरा याङवरक गाउँ कार्यपालिकाको मिति ........................ को निर्णय अनुसार गाउँपालिकाकाको कार्य सम्पादनमा पुऱ्याउनुभएको विशिष्ट योगदानको उच्च मूल्याङ्कन गर्दै तपाई श्री .................. लाई .................. को ................ महिनाको उत्कृष्ट कर्मचारीको सम्मान सहित स-धन्यवाद यो सम्मानपत्र प्रदान गरिएको छ। साथै तपाईंको उत्तरोत्तर प्रगति उज्जवल भविष्यको कामना गर्दछौँ।

प्रमुख प्रशासकीय अधिकृत　　　　　　उपाध्यक्ष　　　　　　अध्यक्ष

**आज्ञाले,**
**अभिषेक घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

.